# शोध-प्रबन्धको सार

## (ABSTRACT)

भारतको उत्तर-पूर्वी इलाकामा अवस्थित सिक्किम-दार्जिलिङ क्षेत्रको भू-भाग पहाडी अञ्चलका रूपमा फैलिएर गएको छ। यस भौगोलिक क्षेत्रमा विभिन्न जातजाति एवम् जनजातिका भाषा बोल्ने मानिसहरू बसोबास गर्दछन्। पुरातत्त्ववेत्ता, मानवशास्त्री तथा समाजशास्त्रीहरूले उत्तर-पूर्वी क्षेत्रलाई अध्ययनको एउटा विशेष स्थान मान्दछन्। सिक्किम-दार्जिलिङ क्षेत्रबाट नवपाषण युगका हातहतियार ४०० भन्दा अधिक पाइएको तथ्य पुरातत्त्वविद्हरू मान्दछन्। सर्वप्रथम सन् १९०४ मा ई एच जी वाल्सले यस क्षेत्रको पुरातात्विक अध्ययन गरेका थिए। त्यसपछि 'भारतीय पुरातत्त्व सर्वेक्षण विभाग'ले भने सन् १९४० देखि यता यस क्षेत्रको अध्ययन गरेको थाहा लाग्दछ। नव पाषाण युगमा मानव समूहहरूले मिलेर खेतीपाती गर्ने, ढुङ्गा र माटाका घर बनाएर बस्ने, ढुङ्गाकै हात-हतियारहरू छुरी, बन्चरो, बज्र, खरी, बसिला, पाटा, फाली र छिनोजस्ता औजारहरूको प्रयोग गर्ने गरेको जानकारी पाइन्छ। समाजशास्त्री ए सी सिन्हा अनुसार लगभग ४०० वर्ष पहिले किरातवंशीय लेप्चा, लिम्बु अनि मगर जाति हिमालयका गुफा, कन्दरा, किल्लाहरूमा कन्दमूल खाएर बस्दथे, अनि उनीहरू आ-आफ्ना मुखियाहरूका अधीनका गाउँहरूमा बस्दथे।

उद्भिदशास्त्री जे डी हुकरले मगरहरू सिक्किमका आदिम जाति हुन् जसलाई लेप्चा र लिम्बुहरूले अरुण नदीको पश्चिमतिर लखेटेका थिए भनेका छन्। इतिहासकार कुमार प्रधानले सत्रौँ शताब्दी भन्दा अघि नै तिब्बतले सिक्किममा आक्रमण गर्दा यस भू-क्षेत्रमा अनेकौँ मगर गाउँहरू पनि जित्नु परेको कुरो उल्लेख गरेका छन्। सिक्किम-दार्जिलिङका धेरै स्थानहरूमा मगरहरूद्वारा मगरजोङ स्थापना गरिएको मौखिक इतिहास पाइन्छ र त्यस्ता मगरजोङका अवशेषहरू आजपर्यन्त पाइन्छन्। यस्ता मगरजोङहरू अझ धेरै हुन सक्ने अनुमान लगाउन सकिन्छ। सिक्किम-दार्जिलिङ क्षेत्रमा बसोबास गर्ने मगर जातिसित सम्बन्धित सृष्टि रचनाको मिथक, लोकविश्वास, लोकगीत, लोकनाच, लोककथा, लोकोक्ति, चाडपर्व, खानपान, गरगहना, लोकरीतिजस्ता लोकवार्ताहरू हेर्दा उनीहरूका पुर्खाहरू यस भू-क्षेत्रमा धेरै अघि देखि नै बसोबास गर्दै आएका हुन् भन्न सकिन्छ।

**सिक्किम र दार्जिलिङका क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन** शीर्षक रहेको यो शोधकार्य विशेषत: प्राथमिक स्रोत तथा क्षेत्रकार्यको सर्वेक्षणबाट प्राप्त सामग्रीहरू सङ्कलन गरेर सम्पन्न गरिएको छ। यस शोधप्रबन्धलाई छ वटा अध्यायमा विभाजन गरिएको छ।

पहिलो अध्ययायमा **शोधकार्यको परिचय** राखिएको छ। यसअन्तर्गत शोधको परिचय, समस्या-कथन, शोधको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण र समीक्षा, शोधको औचित्य, शोधको सैद्धान्तिक ढाँचा, शोधको सामग्री सङ्कलन विधि, शोध सामग्रीको स्रोत, शोधप्रबन्धको सङ्गठन, शोधकार्यको निष्कर्ष र भावी शोधकर्ताहरूलाई सुझाउ राखिएको छ।

दोस्रो अध्यायमा **लोकवार्ताको प्रतीकपरक अध्ययनको सैद्धान्तिक ढाँचा** राखिएको छ। यसअन्तर्गत लोकवार्ताको परिचय राख्दै यसका अध्ययन पद्धति, विधागत वर्गीकरण, सीमा र सैद्धान्तिक ढाँचाका आधारहरूबारे चर्चा गरिएको छ। विशेषत: यस अध्यायमा लोकवार्ताको स्वरूप, परिचय र यसका सङ्घटक तत्त्वहरूबारे चर्चा गर्ने क्रममा लोकमानस, अभिप्राय, मिथक र प्रतीकबारे पनि आवश्यक चर्चा गरिएको छ। यसअन्तर्गत लोकवार्ताको प्रतीकरपरक अध्ययनको सैद्धान्तिक आधार राख्दै प्रतीकको स्वरूप, लक्षण, विशेषताबारे चर्चा गरिएको छ। प्रतीक, प्रतीकात्मकता र प्रतीकपरक अध्ययनका आधारहरू केलाउने क्रममा यसका प्रकारबारे पनि चर्चा यस अध्यायमा गरिएको छ । यसको सारांश निम्न प्रकारले राखिन्छ-

- लोकवार्ताको प्रतीकपरक अध्ययन मूल रूपमा समाज-मनोवैज्ञानिक दृष्टिकोण हो। यसले मानव व्यवहारका मूर्त-अमूर्त स्वरूप, सामाजिक अन्तर्सूत्र र मनोवृत्तिहरूको पुञ्जलाई इङ्गित गर्दछ।
- लोकमा भएका रहस्यात्मक, सूक्ष्म र जटिल सामाजिक अन्तर्क्रियाहरूको अध्ययन प्रतीकपरक अध्ययनले गर्दछ।
- लोकमा भएका ज्ञान, दर्शन, आत्मविकासको प्रक्रिया र समाज बिचका अन्तर्क्रियाहरू मानिसले प्रतीक वा सङ्केतहरूकै माध्यमले बुझेका हुन्छन्।
- लोकवार्ताको प्रतीकपरक अध्ययनले कुनै पनि जाति, समाज र राष्ट्रकै प्रतीकात्मक अन्तर्क्रिया र तिनका सांस्कृतिक अभिव्यक्तिबारे अध्ययन गर्दछ।
- प्रतीकदर्शन अनुसार लोकमानस मानवप्रकृतिको गतिसूचक हो यसले मानवभित्र रहेको आदिम प्रकृतिलाई अवशेषका रूपमा बचाइराखेको हुन्छ।

तेस्रो अध्यायमा **सिक्किम र दार्जिलिङको भू-सांस्कृतिक परिचय** राखिएको छ। यस अध्यायमा सिक्किम अनि दार्जिलिङको प्रागैतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थान, ऐतिहासिक पृष्ठभूमि, नामकरण र त्यससित जोडिएको मौखिक इतिहास, लेप्चा, लिम्बू सँगसँगै मगरजातिको ऐतिहासिक पृष्ठभूमिबारे अध्ययन गरिएको छ। यस अध्यायमा सिक्किम र दार्जिलिङ क्षेत्रका मगरजोङ, गढीहरूबारे पनि अध्ययन प्रस्तुत गरिएको छ। यस अध्यायको साराशंलाई यस प्रकारले राख्न सकिन्छ-

- सिक्किम र दार्जिलिङको भौगोलिक, ऐतिहासिक, सामाजिक र सांस्कृतिक संरचना आरम्भमा एउटै थियो। दार्जिलिङ सिक्किमकै एउटा भू-भाग थियो जसलाई अङ्ग्रेजहरूले सिक्किमबाट प्राप्त गरेका थिए।
- सिक्किम र दार्जिलिङ क्षेत्रमा बसोबास गर्ने आदिम जातिका रूपमा लेप्चाहरू सँगसँगै लिम्बु र मगर पनि थिए।
- सिक्किम र दार्जिलिङ दुवै क्षेत्रका मगरजोङ, किल्ला, गढी र तिनीहरूबारे मौखिक इतिहास पाइन्छ।

चौथो अध्यायमा मगर जातिको परिचय राखिएको छ। यसअन्तर्गत मगर शब्दको व्युत्पत्तिगत अर्थ केलाउँदै मगरका अनेक नामहरूबारे अध्ययन प्रस्तुत गरिएको छ। मगर जातिको उत्पत्ति, वंश-

विस्तार र तिनका प्रमुख समूह, बाह्र मगरात र अठाह्र मगरातबारे संक्षिप्त चर्चा यस अध्यायमा गरिएको छ। यस क्रममा मगरहरूका साइनो सम्बन्ध, कुटुम्ब, पारिवारिक संरचना आदिबारे पनि अध्ययन गर्ने प्रयत्न गरिएको छ। यस अध्यायको साराशंलाई यस प्रकारले राखिन्छ-

- मगरहरूलाई मङ्गोलका सन्तानका रूपमा चिन्हित गरिएको पाइन्छ। सुरुमा मगर नामले उल्लेख नगरी महाराजिका, महरा, मगरा हुँदै मगर भएको उल्लेख पाइन्छ।
- मगरहरूको आगमन हिमालयको उत्तरी भागमा स्थित 'सिन' प्रान्तबाट तिब्बत हुँदै, सिक्किमको उत्तरमा स्थित 'काङपाचेन' उपत्यकाबाट नेपाल र भुटानतिर भएको अनुमान गरिएको छ।
- मगरहरूबारे सबैभन्दा पहिलो उल्लेख ११०० ख्रिष्टाब्दमा एउटा ताम्रपत्रमा 'मंग्वर विषय' पदावलीद्वारा भएको छ।
- मगरहरूका 'सेन' र 'खान' गरी दुई मुख्य वंशज राजाहरू थिए। मगरहरूका सेन वंशका प्रथम राजा सिन्तुपति सेन थिए भने खान राजाहरू मिचा खान, जया खान, कुमन्डल खान, विचित्र खानको उल्लेख पाइन्छ।

पाँचौ अध्ययायमा **सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन** राखिएको छ। यसअन्तर्गत मगर लोकवार्तालाई चारवटा वर्गीकरणमा राखेर तिनको प्रतीकपरक अध्ययन प्रस्तुत गरिएको छ। ती हुन् - १)चिन्तनमूलक लोकवार्ता २) भौतिक लोक संस्कृतिमूलक लोकवार्ता ३) मौखिक लोककला एवं कलापरक लोकवार्ता ४) लोक रीति एवं परम्परामूलक लोकवार्ता । यस अध्यायको साराशंलाई निम्न प्रकारले राखिन्छ-

- चिन्तनमूलक लोकवार्तामा मगरहरूका सृष्टि रचनाको मिथक, लोकविश्वास, लोकउपचार, लोकऔषधी, तन्त्रमन्त्र, लोक देवी-देवतासम्बन्धी अध्ययन गरिएको छ।
- मगरहरूका चिन्तनमूलक लोकवार्ताले लोकज्ञानका अनेक प्रसङ्गलाई प्रतीकात्मक रूपले इङ्गित गरेको हुन्छ। यस्ता प्रतीकहरू देववर्गीय प्रतीक, स्वप्न प्रतीक र आद्य प्रतीकका रूपमा देखिन्छन्।
- भौतिक संस्कृतिमूलक लोकवार्ता लोकजीवन, लोककला, लोकशिल्प र लोक संस्कृतिका भाषेतर लोकवार्ताका रूपमा प्रतीकात्मक रहेको देखिन्छ।
- मगरहरूका भौतिक संस्कृतिमूलक लोकवार्तामा घर, घरेलु सामग्री, हात-हतियार, खानपान, रहन सहन र यसका परस्पर सम्बन्धको आधार मानिसको जैविक प्रेरणाका रूपमा रहेको देखिन्छ।
- मौखिक कलापरक लोकवार्तामा मगरहरूका लोकगीत, लोकनाच, लोकभाका, लोककथा, लोकनाटक, उखान, टुक्का र वाग्धरा, गाउँखाने कथा आदिबारे अध्ययन गरिएको छ।
- मौखिक परम्पराका रूपमा रहेका मगरहरूका लोकवार्ताको अध्ययन शाब्दिक कला एवम् भाषिक लोकवार्ताका रूपमा गरिएको छ। यस किसिमका लोकवार्तामा आद्य प्रतीक, अलङ्कारमूलक प्रतीक, धारणात्मक प्रतीक रहेको पाइन्छ।

- लोकरीति एवम् परम्परामूलक लोकवार्तामा मगरहरूका जन्म, धर्म, विवाह, कर्म र मृत्यु संस्कारबारे अध्ययन गरिएको छ।
- मगरहरूका लोकरीति एवम् आदिम परम्परागत मूल्यको अभिव्यक्ति धारणात्मक प्रतीक, प्रकृतिपरक प्रतीक, मनोवैज्ञानिक प्रतीक र आद्य प्रतीकका रूपमा भएको पाइन्छ।

छैटौँ अध्यायमा **उपसंहार एवम् निष्कर्ष** राखिएको छ। यस अध्यायमा माथि उल्लिखित पाँचवटा अध्यायमा चर्चा गरिएका सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ता र तिनका प्रतीकबारे गरिएको अध्ययनको निष्कर्ष बुँदागत रूपमा प्रस्तुत गरिएको छ। निष्कर्षमा प्राप्त केही मुख्य कुराहरू यहाँ निम्न प्रकारले राखिन्छ-

- सिक्किम-दार्जिलिङ क्षेत्रमा बसोबास गर्ने लेप्चा र लिम्बुहरू सँगसँगै देखापरेका जातिको रूपमा मगरहरूलाई आदिम जाति मानिएको छ।
- सिक्किम-दार्जिलिङका धेरै स्थाननाम, मौखिक इतिहास र त्यसको अवशेषले गढी, किल्ला र मगरजोङबारे जानकारी गराउँदछन्।
- सिक्किम-दार्जिलिङ क्षेत्रमा बसोबास गर्ने मगरहरूका लोकवार्ताहरूमा अभिव्यक्त प्रतीकहरू देववर्गीय प्रतीक, आद्य प्रतीक, पुराकथात्मक प्रतीक, प्रकृतिपरक प्रतीक, धारणात्मक प्रतीक र अलङ्कारमूलक प्रतीक रहेको देखिन्छ।
- मगरहरूले पृथ्वी, ब्रह्माण्ड, चट्याङ (नमचन), असिना (झेरल्युङ), जल, माटो आदिलाई शक्तिको आधार मान्दै सृष्टि र मानव सभ्यताको रचना यिनै तत्त्वहरूद्वारा निर्मित छ भन्ने कुरामा विश्वास गरेको पाइन्छ।
- मगरहरूले 'सूर्य' लाई 'नमखान' भन्दछन्, 'नम' को अर्थ 'आकाश', 'खान' को अर्थ 'तातो हुनु' भन्ने लाग्दछ। मगरहरूले सूर्यलाई आकाशमा रहेको 'तातो पिण्ड' एवम् अग्निको प्रतीक मानेको देखिन्छ।
- मगरहरूले ढ्याङ्ग्रोलाई ब्रह्माण्डको प्रतीकका रूपमा राखेर त्यसमाथि सूर्य, चन्द्र, ग्रह-नक्षत्र, तारामण्डल, पहाड, पर्वत, हिमाल, रुख, पशु, पक्षी, किरा, लिङ्ग, योनि, माछा, बाटा, दिशा आदिको चित्र अङ्कन गरिएको हुन्छ।
- मगरहरूका लोकजीवन, लोककला, लोकशिल्पले लोकसंस्कृतिका भौतिक संसाधनबारे अभाषिक लोकवार्ताका रूपमा प्रतीकात्मक अभिव्यक्ति दिएको पाइन्छ।
- मगर लोकगीतहरूमा ख्याली, समला, स्याम्बो गीत, लोकोवाङ्गे गीत, मालै गीत, सालैजो, दम्के गीत, दाइँ गीत, हैँसा गीत आदि मुख्य हुन्छन्।
- लोक नाचहरूमा मारुनी, सोरठी, कौराहा वा कौरा, घाटु, हुर्रा, पैस्यारु आदि मुख्य मानिन्छन्।
- यस्ता लोकवार्ता एक पुस्तादेखि अर्का पुस्तामा हस्तान्तरित हुने हुँदा यिनको अस्तित्व मौखिक परम्पराका रूपमा नै रहिआएको छ।

- मगरहरूका लोकरीति एवं परम्परामूलक लोकवार्ताअन्तर्गत मगरहरूका जन्म, न्वारन कर्म, धर्म हुँदै मृत्यु संस्कारबारे लोकवार्ताहरूको अध्ययनमा लोकरीतिमूलक लोकवार्तामा लोकमानसको समग्र अभिव्यक्ति भएको थाहा लाग्दछ।
- मगरहरूका यी लोकरीतिमूलक लोकवार्ताको कार्यसम्पादन वाप्पा, रमी र भुसालद्वारा सञ्चालन गरिन्छ।
- मगरहरू प्रायः नै प्रकृतिमा आश्रित र प्रकृतिप्रति कृतज्ञ रहेको थाहा पाइयो। उनीहरूले सम्पन्न गर्ने प्रायः अनुष्ठान र संस्कारगत कार्यहरूमा प्रकृतिलाई एउटा बृहत् शक्ति र सत्ताका रूपमा स्वीकार गरेको बुझिएको छ।